सत्यमेव जयते

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# समाचार पत्र – फेब्रुअरी २०२५

## द्विपक्षीय आदानप्रदान



### नेपालका परराष्ट्रमन्त्रीसँग भारतका विदेशमन्त्रीको भेटवार्ता

मिति २०८१ फागुन ४ गते ओमानको मस्कटमा आयोजित आठौँ हिन्द महासागर सम्मेलन (आईओसी) को साइडलाइनमा भारतका माननीय विदेशमन्त्री डा. एस जयशंकरले  नेपालका माननीय परराष्ट्रमन्त्री डा. आरजु राणा देउवासँग भेटवार्ता गर्नुभयो ।

थप जानकारी



### भारत ऊर्जा सप्ताह २०२५, नयाँ दिल्ली

मिति २०८१ माघ २९ गते देखि फागुन २ गते सम्म नयाँ दिल्लीमा आयोजित भारत ऊर्जा सप्ताह २०२५ मा नेपाल सरकारका ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री श्री दीपक खड्काले सहभागिता जनाउनुभयो । भ्रमणको क्रममा मन्त्री खड्काले भारत सरकारका ऊर्जा मन्त्री तथा आवास तथा शहरी मामिला मन्त्री श्री मनोहर लाल र भारत सरकारका पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री श्री हरदीप सिंह पुरीसँग पनि भेटघाट गर्नुभयो ।

थप जानकारी




### बिमस्टेक युवा शिखर सम्मेलन २०२५

मिति २०८१ माघ २५-२९ गते सम्म भारतको गुजरातको गान्धीनगरमा 'अन्तर-बिमस्टेक आदानप्रदानको लागि एक सेतुको रुपमा युवा' भन्ने मुख्य विषयवस्तुका साथ बिमस्टेक युवा शिखर सम्मेलन २०२५ आयोजना गरियो । नेपालबाट नौ सदस्यीय प्रतिनिधिमण्डलले शिखर सम्मेलनमा भाग लिएको थियो ।

थप जानकारी




## ७७ औं भारतीय सेना दिवस समारोह

काठमाडौंस्थित भारतीय दूतावासले काठमाडौंमा ७७ औं भारतीय सेना दिवस मनायो । उक्त अवसरमा नेपालका प्रधान सेनापति तथा भारतीय सेनाका मानार्थ महारथी प्रसिद्ध प्रबल जनसेवा श्री अशोक राज सिग्देलले पनि उपस्थिति जनाउनुभएको थियो ।

थप जानकारी



## एयरो इन्डिया - २०२५

एशियाको प्रमुख अन्तरिक्षयान तथा रक्षा कार्यक्रम मानिएको एयरो इन्डिया २०२५ को उद्घाटन मिति २०८१ माघ २८ गते बेंगलोरको येलहंकास्थित वायुसेना स्टेशनमा गरिएको थियो । नेपाल सरकारका रक्षा सचिव श्री रामेश्वर दंगाल र नेपाली सेनाका उपप्रधानसेनापति रथी निर्मल कुमार थापाले भारतीय वायुसेनाको सक्रिय वायुयान कौशलको प्रदर्शन अवलोकन गर्नुभयो । भ्रमणको क्रममा वहाँहरूले एयरो इन्डिया २०२५ को साइडलाइनमा आफ्ना समकक्षीहरू, भारतका रक्षा सचिव श्री राजेश कुमार सिंह र भारतीय सेनाका उप–सेनाध्यक्ष लेफ्टिनेन्ट जनरल एनएस राजा सुब्रमणिसँग पनि भेटघाट गर्नुभयो ।

थप जानकारी



## लेफ्टिनेन्ट जनरल गुरबीरपाल सिंह, पीभीएसएम, एभीएसएम, भीएसएम, एनसीसीको नेपाल भ्रमण

लेफ्टिनेन्ट जनरल गुरबीरपाल सिंह, पीभीएसएम, एभीएसएम, भीएसएम, नेसनल क्याडेट कोर्प्स् (एनसीसी) मिति २०८१ फागुन ११-१६ गते सम्म आयोजना भएको नेपाली सेनाको २६२ औं स्थापना दिवस समारोहमा सहभगिता जनाउनको लागि मिति २०८१ फागुन ११ गते नेपाल आउनुभएको थियो । भ्रमणको क्रममा लेफ्टिनेन्ट जनरलले नेपालका सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री र माननीय रक्षामन्त्रीसँग पनि शिष्टाचार भेटवार्ता गर्नुभयो ।

थप जानकारी



## २६२ औं नेपाली सेना दिवस समारोहमा भारतीय सेना ब्यान्ड टोलीको सहभागिता

मेजर जसकिरथ सिंह मकोल र मेजर संजय राज भुसालको नेतृत्वमा ३६ सदस्यहरू सम्मिलित भारतीय सेना ब्यान्ड टोलीले मिति २०८१ फागुन १६ गते २६२ औं नेपाली सेना दिवस समारोहमा सहभागिता जनाएको थियो ।

थप जानकारी



## हैदराबादस्थित राष्ट्रिय ग्रामीण विकास एवं पंचायती राज संस्थानमा नेपालका प्रतिनिधिहरूका लागि १० दिने अन्तर्राष्ट्रिय प्रशिक्षण कार्यक्रम

मिति २०८१ फागुन १४ गते राष्ट्रिय ग्रामीण विकास एवं पंचायती राज संस्थानमा नेपालका प्रतिनिधिहरूका लागि १० दिने अन्तर्राष्ट्रिय प्रशिक्षण कार्यक्रम सुरु भयो । यस कार्यक्रम कृषि र शासनको क्षेत्रमा क्षमता निर्माण गर्नमा केन्द्रित रहेको छजसले भारत-नेपाल सम्बन्धलाई सुदृढ बनाउँछ ।

थप जानकारी



## वैज्ञानिक तथा औद्योगिक अनुसन्धान परिषद् (सीएसआइआर) र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)बीच समझदारीपत्र

वैज्ञानिक तथा औद्योगिक अनुसन्धान परिषद् (सीएसआइआर) र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) ले मिति २०८१ फागुन ७ गते एक समझदारी पत्रमा हस्ताक्षर गरेजसले भारत र नेपालबीच वैज्ञानिक तथा प्राविधिक सम्बन्धलाई बढावा दिने उद्देश्य लिएको छ ।

थप जानकारी

# विकास साझेदारी



## दार्चुलास्थित श्री गलैनाथ माध्यमिक विद्यालयको विद्यालय तथा कार्यालय भवनको उद्घाटन

दार्चुलास्थित श्री गलैनाथ माध्यमिक विद्यालयको विद्यालय र कार्यालय भवनको उद्घाटन मिति २०८१ माघ २५ गते भारत र नेपालका प्रतिनिधिहरूले संयुक्त रूपमा गर्नुभएको थियो। यस उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआइसीडीपी) 'नेपाल-भारत विकास सहयोग' अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा नेरु.२.७३ करोड परियोजना लागतमा निर्माण गरिएको हो।

थप जानकारी



## धादिङको खनियाबास गाउँपालिकास्थित कुरी स्वास्थ्य चौकी–वर्थिङ्ग सेन्टर भवन निर्माणको शिलान्यास समारोह

धादिङको खनियाबास गाउँपालिकास्थित कुरी स्वास्थ्य चौकी–वर्थिङ्ग सेन्टर भवन निर्माणको शिलान्यास मिति २०८१ माघ २५ गते भारत र नेपालका प्रतिनिधिहरूले संयुक्त रूपमा गर्नुभएको थियो । यस एचआइसीडीपी भारत सरकारको आर्थिक सहयोगमा नेरु.२.५१ करोड परियोजना लागतमा निर्माण भइरहेको छ।

थप जानकारी




## दार्चुलाको नौगाड गाउँपालिकास्थित इयरकोट स्वास्थ्य चौकी भवनको उद्घाटन

दार्चुलाको नौगाड गाउँपालिकास्थित इयरकोट स्वास्थ्य चौकी भवनको उद्घाटन मिति २०८१ माघ २६ गते भारत र नेपालका प्रतिनिधिहरूले संयुक्त रूपमा गर्नुभएको थियो । यस एचआइसीडीपी भारत सरकारको आर्थिक सहयोगमा नेरु.२.५३६ करोडको परियोजना लागतमा निर्माण गरिएको हो।

थप जानकारी



## उदयपुरस्थित श्री जनता बेलका माध्यमिक विद्यालयको विद्यालय भवनको उद्घाटन

उदयपुरस्थित श्री जनता बेलका माध्यमिक विद्यालयको विद्यालय भवनको उद्घाटन मिति २०८१ फागुन ४ गते प्रतिनिधि सभाका माननीय सांसद डा. नारायण खड्का, काठमाडौंस्थित भारतीय दूतावासका नियोग उपप्रमुख श्री प्रसन्न श्रीवास्तव र उदयपुरस्थित बेलका नगरपालिकाका मेयर श्री अशोक कार्कीले संयुक्त रूपमा गर्नुभएको थियो । यस एचआइसीडीपी भारत सरकारको आर्थिक सहयोगमा नेरु. ३.७९९ करोडको परियोजना लागतमा निर्माण गरिएको हो ।

थप जानकारी

# अर्थतन्त्र र वाणिज्य




## दोस्रो भारत-नेपाल स्टार्टअप कनेक्टः स्टार्टअप महाकुम्भ (एसएमके) २०२५ को लागि कर्टन रेजर

काठमाडौंस्थित भारतीय दूतावासले मिति २०८१ माघ २५ गते दोस्रो भारत-नेपाल स्टार्टअप कनेक्ट: स्टार्टअप महाकुम्भ (एसएमके) २०२५ को लागि कर्टन रेजरको आयोजना गर्‍यो । उक्त कार्यक्रममा नेपाल सरकारका माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङ प्रमुख अतिथिको रुपमा हुनुहुन्थ्यो ।

थप जानकारी

# सांस्कृतिक र जनता-जनताबीचको सहभागिता



## जश्न-ए-गालिब २०२५ को अवसरमा गजल साँझ

काठमाडौंस्थित भारतीय दूतावासले काठमाडौंस्थित नेपाल उर्दू एकेडेमीसँगको सहकार्यमा मिति २०८१ माघ १९ गते नेपाल भारत पुस्तकालयमा जश्न-ए-गालिब २०२५ को अवसरमा गजल साँझको आयोजना गर्‍यो ।

थप जानकारी




## महाकुम्भ २०२५ मा एक सत्रः आध्यात्मिकता र आधुनिकताको मिश्रण

काठमाडौंस्थित भारतीय दूतावासले मिति २०८१ माघ २१ गते "महाकुम्भ २०२५: आध्यात्मिकता र आधुनिकताको मिश्रण" शीर्षकको महाकुम्भ कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा नेपाल पर्यटन बोर्डका प्रतिनिधिहरूका साथै नेपालका टुर अपरेटरहरू, पत्रकारहरू र सोसल मिडिया इन्फ्लुयन्सरहरुको सहभागिता रहेको थियो ।

थप जानकारी



## नेपाल-भारत रंग महोत्सव

भारत र नेपालद्वारा संयुक्त रूपमा आयोजित नेपाल-भारत रंग महोत्सवको उद्घाटन मिति २०८१ माघ २३ गते नेपाल सरकारका माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बद्री प्रसाद पाण्डेले गर्नुभएको थियो । समारोहमा नेपालका लागि भारतीय राजदूत; भारत सरकारको संस्कृति मन्त्रालयका अतिरिक्त सचिव; नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति र नयाँ दिल्लीस्थित राष्ट्रिय नाट्य विद्यालयका रजिस्ट्रार पनि उपस्थित हुनुहुन्थ्यो । एक सातासम्म चलेको उक्त महोत्सवमा भारत र नेपालका ६ वटा नाटकहरू प्रस्तुत गरिएको थियो र यो मिति २०८१ माघ ३० गते सम्पन्न भएको थियो ।

थप जानकारी



## परीक्षा पे चर्चाको आठौं संस्करण

भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा विद्यार्थीहरूलाई परीक्षासँग सम्बन्धित तनावबाट मुक्त गराउन मद्दत गर्ने पहल "परीक्षा पे चर्चा" को आठौं संस्करण मिति २०८१ माघ २८ गते नेपालको केन्द्रीय विद्यालय, मोडर्न स्कूल र अन्य केन्द्रीय माध्यमिक शिक्षा बोर्डका विद्यालयहरुमा प्रत्यक्ष प्रसारण गरिएको थियो ।

थप जानकारी

# भारतमा भएका विकासहरू




## विश्वव्यापी लगानीकर्ता शिखर सम्मेलन - २०२५ - मध्य प्रदेशमा लगानी

भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मिति २०८१ फागुन १२ गते मध्य प्रदेशको भोपालमा आयोजना गरिएको विश्वव्यापी लगानीकर्ता शिखर सम्मेलन २०२५ को उद्घाटन र त्यसमा सम्बोधन गर्नुभयो ।

थप जानकारी



## काशी तमिल संगमम् को तेस्रो संस्करण

काशी तमिल संगमम् (केटिएस ३.०) को तेस्रो संस्करण मिति २०८१ फागुन ३-१२ गते सम्म उत्तर प्रदेशको वाराणसीमा आयोजना गरिएको थियो । यस कार्यक्रमको उद्देश्य भारतका दुई सबैभन्दा प्राचीन शिक्षा केन्द्रहरू, तमिलनाडु र काशी बीचको सदियौँ पुरानो सम्बन्धको उत्सव मनाउनु र त्यसलाई बलियो बनाउनु रहेको थियो ।

थप जानकारी



## महाकुम्भ २०२५

प्रयागराजमा मिति २०८१ पौष २९ गते देखि सुरु भएको महाकुम्भ मिति २०८१ फागुन १४ गते महाशिवरात्रीको शुभ अवसरमा सफलतापूर्वक सम्पन्न भयो । काठमाडौंस्थित भारतीय दूतावासले नेपालका सोसल मिडिया इन्फ्लुयन्सरहरु र पत्रकारहरूलाई प्रयागराज भ्रमणको लागि सहजीकरण गर्‍योजसले क्रमशः मिति २०८१ माघ २७ गते र फागुन ११ गते संगममा पवित्र स्नान गरे । माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पनि आध्यात्मिक भेलाको समापनमा आफ्नो विचार लेख्नुभयो ।

थप जानकारी

## खेलकुद



### आईसीसी अन्डर-१९ महिला टी-२० विश्वकप २०२५

मिति २०८१ माघ २० गते मलेसियाको क्वालालम्पुरस्थित बायुमास ओभलमा भएको फाइनल खेलमा दक्षिण अफ्रिकालाई ९ विकेटले पराजित गर्दै भारतीय क्रिकेट टोलीले आइसीसी अन्डर-१९ महिला टी-२० विश्वकप २०२५ को च्याम्पियनको उपाधि जित्यो ।

थप जानकारी

## छात्रवृत्तिबारे जानकारी




### २०२५-२६ को लागि आइसीसीआर छात्रवृत्ति

काठमाडौंस्थित भारतीय दूतावासले शैक्षिक सत्र २०२५-२६ को लागि भारतीय विश्वविद्यालय/संस्थाहरूमा अध्ययन गर्नका लागि नेपाली नागरिकहरूबाट भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आइसीसीआर)को छात्रवृत्ति योजनाहरूको लागि अनलाइन आवेदन आह्वान गर्दछ । यस छात्रवृत्तिको लागि आवेदन बुझाउने अन्तिम मिति २०८२ वैशाख १७ गते रहेको छ ।

थप जानकारी

## भारतमा आउँदैछ




### स्टार्टअप महाकुम्भ:२०८१ चैत २१-२३

'स्टार्टअप इन्डिया @ २०४७: अनफोल्डिङ्ग द भारत स्टोरी' भन्ने विषयवस्तुमा मिति २०८१ चैत २१-२३ गते सम्म नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुने भनिएको यस ऐतिहासिक कार्यक्रमले भारतको स्टार्टअप इकोसिस्टमको भविष्यलाई आकार दिने तयारीमा रहेको छ । उक्त प्रदर्शनी कार्यक्रमले एआई, डिपटेक र साइबर सुरक्षा, स्वास्थ्य प्रविधि र जैविक-प्रविधि, कृषि प्रविधि, जलवायु प्रविधि, इन्क्यूबेटरहरु र एक्सेलेरेटरहरु, डीटुसी, फिनटेक, गेमिङ र खेलकुद, बीटुबी र प्रिसिजन म्यानुफ्याकचरिङ्ग, रक्षा र अन्तरिक्ष प्रविधि र गतिशीलतामा केन्द्रित क्षेत्रगत मण्डपहरू प्रदर्शन गर्नेछ ।

थप जानकारी

## भारतमा आउँदैछ

### विश्व अडियो-भिजुअल मनोरञ्जन शिखर सम्मेलन (वेभ्स) - २०२५
### चलचित्र पोस्टर निर्माण प्रतियोगिता



भारत सरकारको सूचना तथा प्रसारण मन्त्रालयले राष्ट्रिय चलचित्र विकास निगम - राष्ट्रिय फिल्म संग्रहालय (एनएफडीसी-एनएफएआई) र इमेजनेसन स्ट्रिट आर्टसँगको सहकार्यमा विश्व अडियो-भिजुअल मनोरञ्जन शिखर सम्मेलन (वेभ्स) अन्तर्गत अन्तर्राष्ट्रिय चलचित्र पोस्टर निर्माण प्रतियोगिता आयोजना गर्दैछ । सहभागीहरूले मिति २०८१ चैत १८ गते सम्म आफ्नो कलाकृति पेश गर्न सक्नेछन् ।

थप जानकारी

### प्रधानमन्त्री योग पुरस्कार २०२५




योगको प्रवर्द्धन र विकासमा उत्कृष्ट योगदान पुर्‍याउनुहुने व्यक्ति/संस्थाहरूलाई प्रधानमन्त्री योग पुरस्कार २०२५ को लागि आवेदन दिन आह्वान गरिएको छ । आवेदन बुझाउने अन्तिम मिति २०८१ चैत १८ गते रहेको छ ।

थप जानकारी